HBL

हिमालयन बैंक लिमिटेड
Himalayan Bank Ltd.

# २८औं वार्षिक साधारण सभाको विवरण (माइन्यूट)

# संचालक समिति



**श्री मनोजबहादुर श्रेष्ठ**
अध्यक्ष

**श्रीमती रञ्जना श्रेष्ठ**
वैकल्पिक संचालक



**श्री सलिम अम्लानी**
प्रथम उपाध्यक्ष
हबिब बैंक लि. पाकिस्तानबाट मनोनित



**श्री प्रचण्डबहादुर श्रेष्ठ**
द्वितीय उपाध्यक्ष

**सुश्री मेनुका श्रेष्ठ**
वैकल्पिक संचालक



**श्री जीतेन्द्र धिताल**
संचालक
कर्मचारी संचयकोषबाट मनोनित

**श्री श्रीराम शेखर अधिकारी**
वैकल्पिक संचालक



**श्री सुशीलविक्रम थापा**
संचालक

**श्री भिष्म कुमार चुडाल**
वैकल्पिक संचालक



**श्री सुरेन्द्र सिल्वाल**
संचालक
सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित



**श्री उपेन्द्रकेशरी पौड्याल**
व्यवसायिक विशेषज्ञ संचालक

---

**श्री हिमालय शमशेर ज.ब.रा.**
प्रमुख सल्लाहकार (संचालक समिति)

**श्री बिपिन हाडा**
कम्पनी सचिव

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

शेयरधनी महानुभाव,

**विषय: विवरण (माइन्यूट)**

महाशय,

यस बैंकको मिति २०७३ साल पौष २२ गते शुक्रबार सम्पन्न भएको चौबिसौं वार्षिक साधारण सभामा भएको छलफल र निर्णयहरूको विवरण (माइन्यूट) तपाईंको जानकारीको लागि पठाएको छु ।

आज्ञाले,

विपिन हाडा
कम्पनी सचिव

# हिमालयन बैंक लिमिटेड
# चौबिसौं (२४) वार्षिक साधारण सभाको
# विवरण (माइन्यूट)

१. **वैधानिक सभा:**

हिमालयन बैंक लिमिटेडको २०७३ मंसिर ३० गते बसेको संचालक समितिको ३३९ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३, प्रचलित कानून र बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम बोलाइएको चौबिसौं वार्षिक साधारण-सभा संचालक समितिका अध्यक्ष श्री मनोजबहादुर श्रेष्ठको सभापतित्वमा सुसम्पन्न भयो ।

२. **सभाको मिति, समय र स्थान:**

मिति : २०७३ साल पौष २२ गते शुक्रबार (६ जनवरी २०१७)

समय : बिहान ११:३० बजे

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, काठमाडौं ।

३. **सभाको सूचना प्रकाशन (कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम):**

(क) साधारणसभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरू सहितको विवरण खुलाइ कानूनबमोजिम त्यसको सूचना कारोबार दैनिकमा मिति २०७३/०९/०१ र अन्नपूर्ण पोष्टमा मिति २०७३/०९/०२ गते प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो ।

(ख) साथै, संचालक समितिको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब र नगदप्रवाह विवरण तथा अन्य दस्तावेजहरू पुस्तिकाको रूपमा प्रत्येक शेयरधनी महानुभावहरूको उपलब्ध व्यक्तिगत ठेगानामा यथासमयमा पठाइएको थियो ।

४. **छलफलको विषय-सूची:**

क) सामान्य प्रस्ताव

१) चौबिसौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन,

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७३ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७२/७३ को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण छलफल गरी पारित गर्ने,

३) संचालक समितिले सिफारिश गरेबमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पूँजीको १.५७८९ प्रतिशत नगद लाभाँश रू. ७,१०,३९,१३२/- (अक्षरमा रू. ७ करोड १० लाख ३९ हजार १ सय ३२ मात्र) बोनस शेयरको कर प्रयोजनको लागि दिने प्रस्ताव स्वीकृत गर्ने,

४) बैंकले आर्थिक वर्ष २०७२/७३ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो अन्तर्गत श्री करूणामय मन्दिर, बुङ्गमती, ललितपुरको निर्माण, त्रिशुली/दोलखाबासी

भूकम्पपिडितलाई कम्बल वितरण तथा स्वस्थ्य उपचारका लागि प्रदान गरेको जम्मा रू. १२ लाख ५१ हजार ७ सय ३० मात्र अनुमोदन गर्ने ।

५) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७३/७४ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने, (वर्तमान लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्त हुन सक्नुहुनेछ ।

ख) विशेष प्रस्ताव

१) संचालक समितिले सिफारिश गरेबमोजिम बैंकको जारी र चुक्ता पूँजी बृद्धि गर्न चुक्ता पूँजीको ३० प्रतिशतले हुने रू. १,३४,९७,४३,५००/- (१ अर्ब ३४ करोड ९७ लाख ४३ हजार ५०० मात्र) बोनस शेयर जारी गर्ने सम्बन्धी बिशेष प्रस्ताव स्वीकृत गर्ने ।

२) बैंकको प्रबन्ध पत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई वा संचालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने,

ग) विविध

## ५. उपस्थितिः

संचालकहरूः

| | | |
|---|---|---|
| १. | श्री मनोजबहादुर श्रेष्ठ | अध्यक्ष |
| २. | श्री प्रचण्डबहादुर श्रेष्ठ | संचालक |
| ३. | श्री शुशीलविक्रम थापा | संचालक |
| ४. | श्री सुरेन्द्र सिलवाल | संचालक |
| ५. | श्री जितेन्द्र धिताल | संचालक |
| ६. | श्री उपेन्द्र केशरी पौड्याल | संचालक |

पर्यवेक्षकः

| | | |
|---|---|---|
| १. | गंगा कुमारी के.सी. | प्रतिनिधि - कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. | गणेश श्रेष्ठ | प्रतिनिधि - नेपाल धितोपत्र बोर्ड |

लेखापरिक्षकः

| | | |
|---|---|---|
| १. | श्री सुन्दर मान श्रेष्ठ | प्रतिनिधि, श्री सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स |

अन्य पदाधिकारीहरूः

| | | |
|---|---|---|
| १. | श्री अशोक राणा | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री इजाज कादीर गिल | वरिष्ठ महाप्रबन्धक |
| ३. | श्री शुशील जोशी | महाप्रबन्धक |
| ४. | श्री अनुप मास्के | नायब महाप्रबन्धक |

शेयरधनीहरूको उपस्थितिः

| | |
|---|---|
| क) सर्वसाधारण शेयरधनी | ११७२ जना |
| ख) संस्थापक प्रतिनिधि | ६ जना |
| ग) जम्मा उपस्थित शेयरधनीहरूको संख्या | ११७८ जना |

सभामा उपस्थित सबै शेयरधनी महानुभावहरू मतदान गर्न योग्य थिए ।

## ६) सभाको वैधानिकता र सभापतित्वः

साधारण सभा शुरू हुनअघि कम्पनी सचिव श्री विपिन हाडाले उपस्थित शेयरधनी महानुभावहरूको स्वागत गर्नुहुँदै कम्पनी ऐन र बैंकको नियमावली तथा प्रचलित कानून बमोजिम चौबिसौं वार्षिक साधारण सभा बोलाइएको र सो अनुरूप सभाका लागि आवश्यक गणपूरक संख्या पुगेको व्यहोरा सभालाई अवगत गराउनुभयो । साथै उहाँले सभाको सभापतित्व संचालक समितिका अध्यक्ष श्री मनोजबहादुर श्रेष्ठले गर्नुहुने जानकारी दिँदै सभा संचालनका लागि अध्यक्ष महोदयलाई अनुरोध गर्नुभयो ।

## ७) सभा संचालनः

साधारण सभाको कारवाही शुरू गर्ने क्रममा सभाका सभापति श्री मनोजबहादुर श्रेष्ठले चौबिसौं वार्षिक साधारण सभाका लागि संचालक समितिको प्रतिवेदन संक्षेपमा पढेर सुनाउनुभयो ।

प्रतिवेदन प्रस्तुति पश्चात् सभापतिज्यूले विषयसूची सम्बन्धमा छलफलका लागि शेयरधनीहरूलाई आमन्त्रण गर्नुभयो । तद्नुरूप निम्न शेयरधनीहरूले सभामा आफ्नो जिज्ञासा, मन्तव्य तथा सुझावहरू प्रस्तुत गर्नुभयो ।

१) श्री व्यासकुमार शर्मा

२) मेजर कुवेर श्रेष्ठ

३) श्री राजेश शाक्य

४) श्री भक्तिप्रसाद उप्रेति

५) श्री अशोक उप्रेति

६) डा. माधवकुमार श्रेष्ठ

७) श्री चन्द्रनारायण श्रेष्ठ

८) श्री कृष्णप्रसाद अधिकारी (कास्यप)

९) श्री जयन्द्रमानसिंह बानिया

१०) श्री ईश्वरदास कर्माचार्य

## ८) शेयरधनीहरूबाट व्यक्त शुभकामना, आभार, जिज्ञासा, मन्तव्य तथा सुझावहरूः

८.१ शुभकामना र आभारः

चौबिसौं वार्षिक साधारण सभामा आफ्नो मन्तव्य प्रकटगर्ने सबैजसो शेयरधनी महानुभावहरूले ३०% बोनस शेयर र १.५७८९% नगद लाभांश प्रदान गरिएकोमा प्रशन्नता व्यक्त गर्नुभयो । उहाँहरूले हिमालयन बैंकको डिभिडेन्ड पोलिसीलाई सन्तुलितको संज्ञा दिनुभयो । उहाँहरूको सुझाव थियो ८ अर्ब चुक्ता पूँजी भए पछि पनि आउँदा दिनमा बैंकले बोनस शेयर तथा नगद लाभांश बढाउँदै लैजाओस । विगत चौबीस वर्षदेखि सेवारत यो बैंक नेपालको वित्तीय क्षेत्रमा सुरक्षित, भरपर्दो, विश्वसनीय र अग्रणी भएकोमा सबैको समान धारणा थियो । मन्तव्य प्रकटगर्ने महानुभावहरूले देशमा देखापरेको राजनीतिक अस्थिरता, अन्योल तथा व्यवसायमा बढेको प्रतिस्पर्धामा बैंक सचेत भएर अगाडि बढ्नुपर्ने सुझाव दिनुभयो । बिना मर्जर, एक्विजिसन बैंक आफैले आवश्यक पूँजी पुऱ्याउने योजना रहेको सुन्न पाउँदा आफूहरूलाई खुशी लागेको शेयरधनी महानुभावहरूले बताउनु भयो । संचालक समितिका अध्यक्ष, बैंकका प्रमुख कार्यकारी अधिकृत तथा वरिष्ठ महाप्रबन्धकको पुनर्नियुक्ति भएकोमा शेयरधनीहरूले सबैलाई बधाई दिनु भयो ।

८.२ जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

८.२.१) श्री व्यासकुमार शर्मा

बैंकले यो वर्ष गरेको प्रगति निकै उत्साहजनक छ । बैंकको पूँजी वृद्धि योजना सन्तोषप्रद लाग्यो । निक्षेपमा भएको वृद्धि र NPA घटाएकोमा बैंक संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिन चाहन्छु । कर्जा लगानी व्यवस्थापन उत्कृष्ट छ । बैंकको चुक्ता पूँजी ८ अर्ब पुगेपछि के गर्ने भन्ने योजना अहिले देखि नै बनाउनुपऱ्यो । बैंकले सहायक कम्पनी खोल्ने तर्फ ध्यान दियोस् । आकर्षक प्रतिफलका लागि शेयरमा लगानी गर्ने तर्फ पनि सोच्नुपऱ्यो ।

८.२.२) मेजर कुवेर श्रेष्ठ

बैंक संचालक समितिका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत तथा वरिष्ठ महाप्रबन्धक ४ वर्षको लागि पुर्ननियुक्त हुनुभएकोमा बधाई दिन चाहन्छु । बैंकले बैदेशिक मुद्रा विनिमयबाट कमाएको रकम निकै उत्साहजनक छ । वार्षिक प्रतिवेदनमा बैंकको लोगोका साथै The Power To Lead किन लेख्न छोडेको ? त्यसको जवाफ चाहियो । बैंकको JV Partner हबिब बैंकको विवरण पनि वार्षिक प्रतिवेदनमा राखेको भए शेयरधनीहरूलाई सो बैंक बारे राम्रो जानकारी हुने थियो । वार्षिक प्रतिवेदन परम्परागत ढाँचाको भयो । अर्को पटकदेखि यो ढाँचामा सुधार/परिवर्तन गरियोस । नयाँ कर्मचारी भर्ना गर्दा योग्य र क्षमतावानहरूलाई समावेशी ढंगबाट छनौटगर्न तर्फ बैंकले ध्यान पुऱ्याउनु पर्दछ । कर्जा नोक्सानी व्यवस्था घटाउनु पऱ्यो । बैंकले पानी, खानी र जवानीमा लगानी बढाउनु पऱ्यो । सामाजिक उत्तरदायित्वमा खर्च गरिएको रकम पारदर्शी र वैज्ञानिक

हुनुपर्दछ । भूकम्पपिडित गरिब समुदायका १०-१५ जना जेहेन्दार छोराछोरीलाई बैंकले छात्रवृति प्रदान गरियोस । ३० प्रतिशत बोनस शेयर दिने प्रस्ताव सकारात्मक छ ।

८.२.३) श्री राजेश शाक्य

बैंकको पूँजी वृद्धि योजना चित्त बुझ्दो छ । बैंक सधैं सबल र सक्षम वित्तिय संस्था बनिरहनु पर्‍यो । दरवारमार्गको जग्गामा भवन निर्माण गरी बैंकको मुख्य शाखा त्यहाँ सारियोस । लेखा परीक्षण प्रतिवेदनलाई अन्तराष्ट्रिय मापदण्ड अनुरूपको बनाउनु पर्दछ । खर्च घटाउने तर्फ सचेत हुनुपर्‍यो । संचालक समिति र बैंक व्यवस्थापनले उत्पादनमुलक क्षेत्रमा कर्जा बढाउनु पर्दछ । मानव संसाधन विकास तर्फ बैंकको ध्यान जानु आवश्यक छ । तुलनात्मक रूपमा हिमालयन बैंकले यो वर्ष दिएको डिभिडेण्ड सन्तोषप्रद छ ।

८.२.४) श्री भक्तिप्रसाद उप्रेति

बैंकले निक्षेप कर्जा, मुनाफा, सम्पत्ति सबै बढाएकोमा हामी सन्तुष्ट छौं । यो वर्ष संचालन खर्च पनि घटाएको छ यसका लागि बैंक संचालक समिति र व्यवस्थापनलाई धन्यवाद । बैंकले सहायक कम्पनी खोल्ने तर्फ सोच्नुपर्‍यो । कर्मचारीहरू माथि बैंक व्यवस्थापनले विभेद नगरोस् । मानव संसाधन विकासमा ध्यान दिनुपर्‍यो । बैंकमा रिसर्च एण्ड डेभलपमेन्ट विभागको स्थापना गरी दीर्घकालीन रणनीति बनाई लागू गर्न आवश्यक देखिएको छ । हिमालयन बैंकको लेखापरीक्षण शुल्क धेरै भयो । लगानीकर्तालाई दिगो र आकर्षक प्रतिफल दिन लागेकोमा बैंकलाई धन्यवाद । अपलेखन गरिएको कर्जा उठाउने तर्फ क्रियाशील हुन संचालक समिति तथा बैंक व्यवस्थापनलाई आग्रह गर्न चाहन्छु । वार्षिक प्रतिवेदनमा व्याकरणीय त्रुटि रहेको छ । आगामी वर्ष व्याकरणीय शुद्धतामा ध्यान पुगोस ।

८.२.५) श्री अशोक उप्रेति

दीर्घकालीन रणनीति, स्पष्ट सोचका साथ संचालक समिति र बैंक व्यवस्थापन विचको सुमधुर सम्बन्ध तथा कर्मचारीको काम प्रति इमान्दारी नै हिमालयन बैंकको मुख्य सम्पत्ति हो । हाल सम्मको प्रगतिका लागि सबैलाई धन्यवाद । यो बैंकलाई नेपालको नम्बर १ बैंक बनाउनेतर्फ सरोकारबाला सबै लाग्नुपर्‍यो ।

८.२.६) डा.माधवकुमार श्रेष्ठ

बोनस शेयर र नगद लाभांश गरि ३१.५७८९ प्रतिशत प्रतिफल दिएकोमा हामी खुशी छौं । आगामी वर्ष अझ राम्रो प्रगति गर्न उच्चत्तम लक्ष्य निर्धारण गर्नुपर्‍यो । सो लक्ष्य प्राप्त गर्न सबै सरोकारवालाहरू जस्तै व्यवस्थापन, संचालक

समिति, नियमनकारी निकाय तथा शेयरहोल्डरहरू चनाखो हुनुपर्‍यो । बैंकको प्रगतिको लागि दिईएको सुझावहरूलाई व्यवस्थापनले मनन गरी लागू गर्नुपर्‍यो ।

८.२.७) श्री चन्द्रनारायण श्रेष्ठ

बैंकले यस वर्ष ऐतिहासिक प्रगति गरेको छ । यस पटक ३० प्रतिशत भन्दा बढी प्रतिफल दिनसक्नु ठूलो सफलता हो । यसैगरि निष्कृय कर्जा घटाउन सक्नु पनि राम्रो प्रगति मान्नु पर्दछ । आगामी वर्ष अझ राम्रो प्रतिफल दिन सकोस भनी कामना गर्दछौं । यसका लागि ऋण लगानी गर्दा राम्ररी अध्ययन गरियोस् । वार्षिक प्रतिवेदनमा पछिल्लो महिना सम्मको प्रगति विवरण पनि संलग्न गरेको भए धेरै राम्रो हुन्थ्यो ।

८.२.८) श्री कृष्णप्रसाद अधिकारी (कास्यप)

संचालक समितिको अध्यक्ष, कार्यकारी प्रमुख तथा वरिष्ठ महाप्रबन्धकको पुनर्नियुक्तिमा बधाई दिंदै बैंकले गरेको प्रगतिको सराहना गर्दछौं । आउँदो दिनमा अझै राम्रो प्रतिफल दिने कार्य गर्नुपर्‍यो । शेयरहोल्डरहरूलाई Fraction Share को जानकारी नहुँदा समस्या पर्‍यो । व्यवस्थापनले सो समस्या सकेसम्म छिटो सल्टाउनु पर्‍यो । वार्षिक प्रतिवेदनमा भएको भाषागत त्रुटिमा ध्यान पुर्‍याउँदै आउँदो वर्ष यस्ता त्रुटिहरू नदोहरिने व्यवस्था गर्नु पर्‍यो । वार्षिक प्रतिवेदन उल्लेख भएको मन्दिर तथा विद्यालय कहाँ हो ? सामाजिक उत्तरदायित्व अन्तर्गतको बजेट तथा खर्च क्षेत्रगत रूपमा उल्लेख गर्नुपर्‍यो ।

८.२.९) श्री जयन्द्रमानसिंह बानिया

बैंकको समग्र वित्तिय अवस्था सन्तोषजनक छ । आगामी दिनमा थप प्रगति गर्दै जानुपर्‍यो । चौबिसौं वार्षिक उत्सवको बधाई छ । आउँदो सालको रजतमहोत्सवको उपलक्ष्यमा शेयरधनी कर्मचारी सबैलाई उचित प्रोत्साहनको व्यवस्था होस् । निक्षेप तथा बचतमा भएको प्रगति स्वागतयोग्य छ । NPL लाई १ प्रतिशत भन्दा तल राख्नुपर्‍यो । पूँजी वृद्धिका लागि FPO गर्नेमा बैंकको धारणा के छ ? चुक्ता पूँजी ८ अर्ब भए पछि बैंकको डिभिडेण्ड पोलिसी के हुन्छ ? डिभिडेण्डको पोलिसी नगद र बोनस शेयरको उचित मिश्रण भए अझ राम्रो हुन्छ ।

८.२.१०) श्री ईश्वरदास कर्माचार्य

शुरूको ६ करोडको पूँजीलाई ४.५ अर्ब पुर्‍याउन सकेकोमा बधाई छ । बैंकको आम्दानीमा ठूलो प्रगति भएको छ । वार्षिक प्रतिवेदनमा Base Rate दिइएन । उच्च व्याज आम्दानी भएको छ तर Interest spread ५ प्रतिशत को हाराहारीमा राख्नसकेको भए आम्दानी अझ राम्रो हुन्थ्यो । बैंकले गरेको

प्रगति प्रशंसनीय छ । गैर कोषमा आधारित आम्दानी तथा वैदेशिक मुद्रा व्यवसायबाट आम्दानी बढाउन सकेकोमा बधाई छ । मेलम्ची प्रकरण सल्टाउने दिशामा अगाडि बढ्नुपर्ने आवश्यक्ता देखेको छु । त्यस प्रकारको counter guarantee मा अर्को पनि exposure छ की ? त्यसको असर बैंकमा पर्नसक्ने खतरा छ, त्यसतर्फ सचेत हुनु जरूरी देखिन्छ ।

## ९. सामूहिक रूपमा दिइएको प्रत्युत्तरको सारांश:

शेयरधनी महानुभावहरूबाट उठाईएका प्रश्न, जिज्ञासा तथा सुझावहरूका लागि सभापति महोदयले शेयरधनीहरूलाई धन्यवाद दिनुभयो र उहाँहरूद्वारा व्यक्त उपयुक्त र व्यवहारिक सुझावहरू कार्यान्वयन गर्दै जाने प्रतिवद्धता जनाउनु भयो । सभामा उहाँ र प्रमुख कार्यकारी अधिकृतले सामूहिक रूपमा दिनुभएको प्रत्युत्तरको सारांश निम्नानुसार छ ।

हबिब बैंक सन् १९४७ मा स्थापना भएको पाकिस्तानको पहिलो वाणिज्य बैंक भएको तथा हाल पाकिस्तानमा यसको १,६७८ वटा शाखा तथा २,००० भन्दा बढी एटिएम संचालनमा रहेका छन् । हबिब बैंकको उपस्थिति २५ वटा देशमा रहेको छ । हबिब बैंकमा १४७०० कर्मचारी कार्यरत छन् । हबिब बैंकको ब्यालेन्ससीट साईज अमेरिकी डलरमा २३ अर्ब रहेको छ । यसको डिपोजिट, कर्जा तथा नाफा सेप्टेम्बर २०१६ मा क्रमशः अमेरिकी डलर १७ अर्ब, अमेरिकी डलर ६ अर्ब ७ करोड तथा अमेरिकी डलर २५ करोड ७० लाख रहेको छ ।

९.१ संचालक समितिको प्रतिवेदन कम्पनी ऐन तथा BAFIA ले तोकेको ढाँचामा तयार गरिने गरिएको छ । यहाँहरूको सुझाव अनुसार आगामी वर्षहरूमा यसलाई अझ बढी परिस्कृत तथा विस्तृत बनाइने छ ।

९.२ शेयरधनी महानुभावले औंल्याइ दिनु भएको कमजोरीहरूलाई आगामी वर्षहरूमा सुधार गर्दै लैजानेछौं साथै यहाँहरूले दिनुभएका अमूल्य सुझावहरूको लागि धन्यवाद दिदै सोको कार्यान्वयन क्रमिक रूपमा गर्दै लगिने विश्वास यहाँहरूलाई दिलाउन चाहन्छौं ।

९.३ बैंकले स्थापनाकाल देखि नै आफ्नो शेयरधनीहरूलाई आकर्षक प्रतिफल दिंदै आइरहेको छ । नेपाल राष्ट्र बैंकको चुक्तापूँजी सम्बन्धी वाध्यात्मक निर्देशनले गर्दा समीक्षा वर्षमा नगद लाभांश दिन नसकेका हौं । भविष्यमा भने बैंकले विगत वर्षहरूमा झै Stock & Cash को मिश्रित प्रतिफल वितरण गर्ने कुरामा आस्वस्त पार्न चाहन्छु ।

९.४ विगत वर्षहरूमा नेपाल राष्ट्र बैंकको स्वीकृतीको पूर्ण पाठलाई नै वित्तिय विवरणमा समावेश गर्ने गरिएकोमा नेपाल राष्ट्र बैंकको सुझाव अनुसार नै निर्देशन मात्र प्रकाशित गरिएको हो । निर्देशनमा उल्लेख गरिएका कुराहरूको सुधार तथा भविष्यमा त्यस्ता कैफियतहरू दोहोरिन नदिने तर्फ आवश्यक कदम चाल्न व्यवस्थापनलाई आवश्यक निर्देशन दिइसकिएको छ ।

९.५ विद्यमान बजार अवस्थालाई ध्यानमा राखी बैंकको कर्जा तथा निक्षेप Portfolio लाई अझ सुदृढ गर्दै अधिकतम प्रतिफल पाउने उद्देश्यले संचालक समितिले यस आर्थिक वर्षको लक्ष्य निर्धारण गरेको छ । अहिले सम्मको प्रगतिको समीक्षा गर्दा यी लक्ष्य प्राप्त हुने अवस्था देखिएको छ । यहाँहरूको जानकारीको लागि गत मंसीर मसान्त सम्ममा बैंकले रू. ९२ अर्ब ५१ करोड निक्षेप संकलन गरेको छ भने रू. ७३ अर्ब ७६ करोड कर्जा लगानी गर्न सफल भएको छ । साथै Capital Adequacy लगायत अन्य Indicators हरू समेत राम्रो अवस्थामा रहेको जानकारी समेत गराउन चाहन्छु ।

९.६ नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन अनुसार सम्पूर्ण वाणिज्य बैंकहरूले आर्थिक वर्ष २०७३/७४ भित्र आफ्नो चुक्ता पूँजी रू. ८ अर्ब पुर्‍याउनु पर्ने वाध्यात्मक अवस्था रहेको यहाँहरूलाई अवगत नै छ । यसै सन्दर्भमा ७ शेयर बराबर १ हकप्रद शेयर वितरण अन्तिम चरणमा पुगेको जानकारी गराउन चाहन्छु । हाल प्रस्तावित Bonus शेयर तथा जारी हकप्रद शेयर वितरण पश्चात चुक्ता पूँजी रू. ६ अर्ब ४९ करोड १६ लाख हुनेछ भने चालु आर्थिक वर्षमा थप Bonus शेयर तथा आवश्यकता परेको खण्डमा थप हकप्रद शेयर जारी गरी आवश्यक चुक्ता पूँजी पुग्ने देखिएकोले हाललाई मर्जर, एक्विजिसनको कुनै योजना नरहेको समेत जानकारी गराउन चाहन्छु । त्यस पछि पनि बैंकको चुक्ता पूँजी रू. ८ अर्बमा सिमित नराखी समयानुसार बढाउंदै लगिने छ ।

९.७ संस्थागत सामाजिक उत्तरदायित्वको विषयमा बैंक सधैं सजक रहँदै आएको छ । यस अनुरूप विभिन्न क्षेत्रमा योगदान पुर्‍याउने उदेश्यले विभिन्न सामाजिक संस्था तथा कार्यहरूमा समय समयमा सहयोग गर्दै आएको छ र भविष्यमा पनि यो कार्य जारी राखिने छ । यस सम्बन्धमा शेयरधनी महानुभावहरूले औंल्याउनु भएको सुझाव अनुसार विवरणलाई अझ विस्तृत रूपमा आगामी वार्षिक प्रतिवेदनमा उल्लेख गरिने छ ।

९.८ मर्चेन्ट बैकिङ्ग कार्यको लागि छुट्टै susbsidiary खोल्ने भन्ने यहाँहरूबाट प्राप्त सुझाव मनन्योग्य छ र यसतर्फ अध्ययन गरि आवश्यकता अनुसार निर्णय लिने छौं ।

९.९ विगत वर्षहरूमा लेखा परीक्षकलाई यहाँहरूबाट अनुमोदन भए बमोजिम लेखा परीक्षण शुल्क तथा लेखा परीक्षणसंग सम्बन्धित भैपरि आउने खर्च छुट्टाछुट्टै दिईरहेकोमा समीक्षा वर्षदेखि एकमुष्ट शुल्क दिने गरिएकोले लेखा परीक्षण शुल्क तुलनात्मक रूपमा बढी देखिएको छ । यसै अनुरूप समीक्षा वर्षमा लेखा परीक्षण शुल्क रू. १७ लाख +VAT दिईएको छ जुन विगत वर्षहरूका लेखा परीक्षण शुल्क तथा लेखा परीक्षणसंग सम्बन्धित भैपरि आउने खर्चमा न्यूनतम वृद्धि मात्रै हो ।

शेयरधनीहरूबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरूका सम्बन्धमा अध्यक्षज्यूबाट स्पष्ट पार्ने कार्य सकिएपछि अध्यक्षज्यूले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिम प्रस्तावहरू निर्णयार्थ सभामा पेश गर्नुभयो ।

## १०. निर्णयहरू:

क) <u>सामान्य प्रस्ताव</u>

१) चौबिसौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन सभाले सर्वसम्मतले पारित गऱ्यो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७३ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७२/७३ को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण सर्वसम्मतले पारित गऱ्यो ।

३) संचालक समितिले सिफारिश गरेबमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पूँजीको १.५७८९ प्रतिशत नगद लाभाँश रू. ७१,०३९,१३२/- (अक्षरमा रू. ७ करोड १० लाख ३९ हजार १ सय ३२ मात्र) बोनस शेयरको कर प्रयोजनको लागि दिने प्रस्ताव स्वीकृत गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

४) बैंकले आर्थिक वर्ष २०७२/७३ मा संस्थागत सामाजिक उत्तदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो अन्तर्गत श्री करूणामय मन्दिरको निर्माण, त्रिशुली/दोलखाबासी भूकम्प पिडितलाई कम्बल वितरण तथा स्वास्थ्य उपचारका लागि प्रदान गरेको जम्मा रू. १२ लाख ५१ हजार ७ सय ३० लाई समेत सर्वसम्मतिबाट अनुमोदन गऱ्यो ।

५) अध्यक्षज्यूको अनुमतिमा लेखा परीक्षण समितिका संयोजक श्री सुशील विक्रम थापाले कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७३/७४ का लागि लेखा परीक्षण, कर लेखा परीक्षण, तथा लङ्गफर्म अडिट कार्यका लागि लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्सलाई पुर्ननियुक्त गर्ने र कुल रू. १७ लाख मात्र (VAT बाहेक) पारिश्रमिक तोक्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

ख) <u>विशेष प्रस्ताव</u>

१) संचालक समितिले सिफारिश गरेबमोजिम बैंकको जारी र चुक्तापूँजी बृद्धिगर्न चुक्तापूँजीको ३० प्रतिशतले हुने रू. १,३४,९७,४३,५००/- (१ अर्ब ३४ करोड ९७ लाख ४३ हजार ५०० मात्र) बोनस शेयर जारीगर्ने सम्बन्धी बिशेष प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भयो ।

२) बैंकको प्रवन्ध पत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव (अनुसूची संलग्न) पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई वा संचालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

ग) विविध विषयसूची अन्तर्गत कुनै विषयमा छलफल भएन ।

**११. धन्यवाद ज्ञापन:**

सभापतिज्यूले सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरूलाई आफ्नो अमूल्य समय दिई सभा सफलतापूर्वक सम्पन्न गरिदिनुभएकोमा हार्दिक धन्यवाद दिनुहुँदै बैंकको प्रगति र उन्नतिका लागि रचनात्मक सुझाव र मन्तव्य दिनुहुने वक्ता शेयरधनी महानुभावहरूप्रति आभार व्यक्त गर्नुभयो ।

**१२. सभा विसर्जन:**

अन्त्यमा छलफल गर्न बाँकी विषय नभएको हुँदा सभापतिज्यूले चौबिसौं वार्षिक साधारणसभा विसर्जन भएको घोषणा गर्नुभयो ।

..........................................

(विपिन हाडा)
कम्पनी सचिव

..........................................

(मनोजबहादुर श्रेष्ठ)
सभापति

# (अनुसूची)
# हिमालयन बैंक लिमिटेडको
# चौबिसौं वार्षिक साधारण सभामा विशेष प्रस्तावद्वारा
# प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधन

**प्रबन्धपत्र संशोधनको विशेष प्रस्तावः**

**दफा ५. बैंकको पूँजीको संरचनाः**

| विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| (ख) तत्काल जारी पूँजी रु ४,४९,९१,४५,०००/- (अक्षरेपी चार अर्ब उनन्चास करोड एकान्नब्बे लाख पैंतालिस हजार रुपैयाँ) हुनेछ ।<br>(ग) तत्काल चुक्ता पूँजी रु ४,४९,९१,४५,०००/- (अक्षरेपी चार अर्ब उनन्चास करोड एकान्नब्बे लाख पैंतालिस हजार रुपैयाँ) हुनेछ । | (ख) तत्काल जारी पूँजी रु ६,४९,१६,२३,५००/- (अक्षरेपी ६ अर्ब उनान्चास करोड सोह्र लाख तेइस हजार पाँच सय रुपैयाँ) हुनेछ ।<br>(ग) तत्काल चुक्ता पूँजी रु ६,४९,१६,२३,५००/- (अक्षरेपी ६ अर्ब उनान्चास करोड सोह्र लाख तेइस हजार पाँच सय रुपैयाँ) हुनेछ । | आ. व. २०७२/७३ को नाफाबाट बोनस शेयर जारी गरे पछि तत्काल जारी तथा चुक्ता पूंजी रु. ५,८४,८८,८८,५००/- (अक्षेरुपी पाँच अर्ब चौरासी करोड अठासी लाख अठासी हजार पाँच सय रुपैयाँ) हुनेछ । साथै २३औं वार्षिक साधारण सभाबाट पारित भइ हाल जारी भइ, बाँडफाँट प्रकियामा रहेको हकप्रद शेयर जारी गरिसकेपछि तत्काल जारी पूंजी तथा तत्काल चुक्ता पूंजी रु. ६,४९,१६,२३,५००/- (अक्षरेपी ६ अर्ब उनान्चास करोड सोह्र लाख तेइस हजार पाँच सय रुपैयाँ) हुनेछ । |

**नियमावली संशोधनको विशेष प्रस्ताव**

**नियम ३. (ख): बैंकको अधिकृत पूँजीको अंक र विभिन्न प्रकारको शेयर संख्याः**


<table>
<tr><th>विद्यमान व्यवस्था</th><th>प्रस्तावित संशोधन</th><th>संशोधन गर्नुपर्ने कारण</th></tr>
<tr><td>(ख) तत्काल जारी पूँजी रु ४,४९,९१,४५,०००/- (अक्षरेपी चार अर्ब उनन्चास करोड एकान्नब्बे लाख पैंतालिस हजार रुपैयाँ) हुनेछ ।<br>(ग) तत्काल चुक्ता पूँजी रु ४,४९,९१,४५,०००/- (अक्षरेपी चार अर्ब उनन्चास करोड एकान्नब्बे लाख पैंतालिस हजार रुपैयाँ) हुनेछ ।</td><td>(ख) तत्काल जारी पूँजी रु ६,४९,१६,२३,५०० (अक्षरेपी ६ अर्ब उनान्चास करोड सोह्र लाख तेइस हजार पाँच सय रुपैयाँ) हुनेछ ।<br>(ग) तत्काल चुक्ता पूँजी रु ६,४९,१६,२३,५००/- (अक्षरेपी ६ अर्ब उनन्चास करोड सोह्र लाख तेइस हजार पाँच सय रुपैयाँ) हुनेछ ।</td><td>आ. व. २०७२/७३ को नाफाबाट बोनस शेयर जारी गरे पछि तत्काल जारी तथा चुक्ता पूंजी रु. ५,८४,८८,८८,५००/- (अक्षेरुपी पाँच अर्ब चौरासी करोड अठासी लाख अठासी हजार पाँच सय रुपैयाँ) हुनेछ । साथै २३औं वार्षिक साधारण सभाबाट पारित भइ हाल जारी भइ, बाँडफाँट प्रकियामा रहेको हकप्रद शेयर जारी गरिसकेपछि तत्काल जारी पूँजी तथा तत्काल चुक्ता पूँजी रु. ६,४९,१६,२३,५००/- (अक्षरेपी ६ अर्ब उनान्चास करोड सोह्र लाख तेइस हजार पाँच सय रुपैयाँ) हुनेछ ।</td></tr>
<tr><td>३१. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था : (१) सञ्चालकले पाउने मासिक पारिश्रमिक, वैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :-<br><br>नियम ३१ (ख) सञ्चालक समितिको वैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने वैठक भत्ता यस प्रकार हुनेछ ।<br>(अ) अध्यक्ष - १२,५००/- प्रति वैठक<br>(आ) संचालक - १०,०००/- प्रति बैठक</td><td>३१. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था : (१) सञ्चालकले पाउने मासिक पारिश्रमिक, वैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :-<br><br>नियम ३१ (ख) सञ्चालक समितिको वैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने वैठक भत्ता यस प्रकार हुनेछ ।<br>(अ) अध्यक्ष - १५,०००/- प्रति वैठक<br>(आ) संचालक - १२,०००/- प्रति वैठक</td><td>बीसौं वार्षिक साधारण सभा पश्चात बैठक भत्ता वृद्धि नभएकोले बजार मूल्य बृद्धि अनुसार समायोजन गर्नु बाञ्छनिय देखिएकोले ।</td></tr>
<tr><td>नियम ३१ (ग) बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :-<br>(अ) दैनिक भत्ता रु.
<table>
<tr><td>नेपाल भित्र</td><td>रु. ३,५००/-</td></tr>
<tr><td>भारत</td><td>भा.रु. ३,५००/-</td></tr>
<tr><td>सार्क मुलुक</td><td>USD १५०.००</td></tr>
<tr><td>अन्य मुलुक</td><td>USD २००.००</td></tr>
</table></td><td>नियम ३१ (ग) बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :-<br>(अ) दैनिक भत्ता रु.
<table>
<tr><td>नेपाल भित्र</td><td>रु. ५,०००/-</td></tr>
<tr><td>भारत</td><td>भा.रु. ५,०००/-</td></tr>
<tr><td>सार्क मुलुक</td><td>USD २००.००</td></tr>
<tr><td>अन्य मुलुक</td><td>USD ३००.००</td></tr>
</table></td><td>उन्नाईसौं वार्षिक साधारण सभा पश्चात दैनिक भत्ता वृद्धि नभएकोले बजार मूल्य बृद्धि अनुसार समायोजन गर्नु बाञ्छनिय देखिएकोले</td></tr>
</table>

**नोटः** नेपाल राष्ट्र बैंकको मिति २०७३/११/२६ को पत्र अनुसार संचालक समितिको बैठक भत्ता सम्बन्धी निर्णय अस्वीकृत भएको छ तथा संचालकहरुको दैनिक भ्रमण भत्ता नेपाल भित्रको लागि रु. ४,६००/- मात्र स्वीकृत भएको छ । अन्य सम्पूर्ण निर्णयहरु राष्ट्र बैंकबाट अनुमोदन भएको छ ।

# व्यवस्थापन टोली



**अशोक शमशेर ज.ब.रा.**
प्रमुख कार्यकारी अधिकृत



**इजाज कादीर गिल**
वरिष्ठ महाप्रबन्धक



**सुशील जोशी**
महाप्रबन्धक



**अनुप मास्के**
नायब महाप्रबन्धक



**उज्जलराज राजभण्डारी**
नायब महाप्रबन्धक

## प्रधान कार्यालय

एच बि एल कर्पोरेट बिल्डिङ्, कमलादी, पो.ब.नं. २०५९०, काठमाडौं
फोन: ९७७-१-४२२७७४९, फ्याक्स: ९७७-१-४२२२८००
ईमेल: himal@himalayanbank.com, स्विफ्ट: HIMANPKA, वेभसाइट: http://www.himalayanbank.com

## उपत्यका भित्रका शाखा कार्यालयहरु

सुनिल प्रसाद गोर्खाली
क्षेत्रीय प्रबन्धक

| | | | | |
|---|---|---|---|---|
| **ठमेल शाखा**<br>शंकर जोशी<br>शाखा प्रबन्धक<br>कर्मचारी संचयकोष बिल्डिङ्, ठमेल<br>फोन: ९७७-१-४२५३०५४/४२२७७४५<br>फ्याक्स: ९७७-१-४२५०३५६ | **महाराजगञ्ज शाखा**<br>राजेश्वरानन्द सिंह<br>शाखा प्रबन्धक<br>महाराजगञ्ज, काठमाडौं<br>फोन: ९७७-१-४४२५१८३, ४४२४२९२<br>फक्यास: ९७७-१-४४२५१८१ | **नयाँसडक शाखा**<br>विजय मान नकर्मी<br>शाखा प्रबन्धक<br>बिशालबजार, काठमाडौं<br>फोन: ९७७-१-४२४३१०७/४२२४७८७<br>फ्याक्स: ९७७-१-४२४००८६ | **भक्तपुर शाखा**<br>शैलेन्द्र मान श्रेष्ठ<br>शाखा प्रबन्धक<br>सुकुलढोका, भक्तपुर<br>फोन: ९७७-१-६६१७४९३<br>फ्याक्स: ९७७-१-६६१७४९२ | **पाटन शाखा**<br>अनुसूया बस्न्यात<br>शाखा प्रबन्धक<br>पुल्चोक, ललितपुर<br>फोन: ९७७-१-५०१०५८४/५०१०५९३<br>फ्याक्स: ९७७-१-५०१०७५४ |
| **टेकु शाखा**<br>कुलदीप कार्की<br>शाखा प्रबन्धक<br>टेकु, काठमाडौं<br>फोन: ९७७-१-४१०४५७२/४१०४६८७<br>फ्याक्स: ९७७-१-४१०४५६८ | **चाबहिल शाखा**<br>लकेशराज जोशी<br>शाखा प्रबन्धक<br>चुच्चेपाटी, चाबाहिल<br>फोन: ९७७-१-५२१००४५<br>फ्याक्स: ९७७-१-५२१०२८७ | **स्वयम्भू शाखा**<br>सिद्धार्थ शर्मा<br>शाखा प्रबन्धक<br>हलचोक, काठमाण्डौं<br>फोन: ९७७-१-४२८५४६१<br>फ्याक्स: ९७७-१-४०३३७७६ | **नयाँ बानेश्वर शाखा**<br>अभय बहादुर शाह<br>शाखा प्रबन्धक<br>नयाँ बानेश्वर, काठमाण्डौं<br>फोन: ९७७-१-४७८५५८३<br>फ्याक्स: ९७७-१-४७८५५८९ | **सोह्रखुट्टे शाखा**<br>निना प्रधान<br>शाखा प्रबन्धक<br>सोह्रखुट्टे, काठमाण्डौं<br>फोन: ९७७-१-४३८९०३५<br>फ्याक्स: ९७७-१-४३८९०३६ |

| | | | | | |
|---|---|---|---|---|---|
| **डिल्लीबजार शाखा**<br>बिन्दिया रायमाझी<br>शाखा प्रबन्धक<br>सिद्धिभवन चारखाल अड्डा<br>फोन: ९७७-१-४४३१६५८<br>फ्याक्स: ९७७-१-४४३१६५९ | **कलंकी शाखा**<br>किशोर सुवेदी<br>शाखा प्रबन्धक<br>कलंकी चोक, काठमाण्डौं<br>फोन: ९७७-१-४२७९७६२<br>फ्याक्स: ९७७-१-४२७९७६५ | **सातदोबाटो शाखा**<br>प्रकाश भण्डारी<br>शाखा प्रबन्धक<br>सातदोबाटो चोक, ललितपुर<br>फोन: ९७७-१-५१५१९४५<br>फ्याक्स: ९७७-१-५१५१९३५ | **बत्तिसपुतली शाखा**<br>शिवचन्द्र अधिकारी<br>शाखा प्रबन्धक<br>बत्तिसपुतली, काठमाडौं<br>फोन: ९७७-१-४४८४९९०<br>फ्याक्स: ९७७-१-४४८४९९१ | **कौशलटार शाखा**<br>कुश कुमार ढकाल<br>शाखा प्रबन्धक<br>गट्ठाघर, भक्तपुर<br>फोन: ९७७-१-६६३९५६४<br>फ्याक्स: ९७७-१-६६३९५६३ | **सामाखुशी शाखा**<br>दिब्या थापा<br>शाखा प्रबन्धक<br>गोगंबु, काठमाडौं<br>फोन: ९७७-१-४३५४६६३<br>फ्याक्स: ९७७-१-४३५४४४६ |

| | |
|---|---|
| **कार्ड सेवा केन्द्र**<br>सुनिल गोपाल राजभण्डारी, प्रमुख, मार्केटिङ्<br>मनोज दुमरू श्रेष्ठ, प्रमुख, अपरेसनस्<br>कमलादी, काठमाडौं, फोन: ९७७-१-४२४६२१८,१९ फक्यास: ९७७-१-४२४५९३२ | **विप्रेषण प्रवर्द्धन केन्द्र**<br>युमा श्रेष्ठ, प्रमुख, मार्केटिङ्<br>सञ्चिता पाण्डे, प्रमुख, अपरेसनस्<br>कमलादी, काठमाडौं, टोल फ्रि नं. १६६ ०० १११ ००० |

## उपत्यका बाहिरका शाखा कार्यालयहरु

| | | | | |
|---|---|---|---|---|
| **टाँडी शाखा**<br>रेवन्त बहादुर सिंह<br>शाखा प्रबन्धक<br>सौराहा चोक, टाँडी, चितवन<br>फोन: ९७७-५६-५६०७५०/५६२८००<br>फ्याक्स: ९७७-५६-५६१८५० | **नारायणगढ शाखा**<br>राजेश भट्टराई<br>शाखा प्रबन्धक<br>पुल्चोक, नारायणगढ, चितवन<br>फोन: ९७७-५६-५७२२२५, ५७१४७४<br>फ्याक्स: ९७७-५६-५७१८२२ | **वीरगञ्ज शाखा**<br>सुन्दर वास्तोला<br>शाखा प्रबन्धक<br>महावीर रोड, वीरगञ्ज<br>फोन: ९७७-५१-५२४६७८/५२७५०४<br>फक्यास: ९७७-५१-५२७५१८ | **हेटौंडा शाखा**<br>अनन्त चालिसे<br>शाखा प्रबन्धक<br>मेनरोड, हेटौंडा<br>फोन: ९७७-५७-५२५८७७, ५२२८९९<br>फ्याक्स: ९७७-५७-५२३१५६ | **सिद्धार्थनगर शाखा**<br>निर कुमार भण्डारी<br>शाखा प्रबन्धक<br>प्रहरी टोल, भैरहवा<br>फोन: ९७७-७१-५२४३९५, ५२६९४५<br>फ्याक्स: ९७७-७१-५२४४०७ |
| **विराटनगर शाखा**<br>रोशन मैनाली<br>शाखा प्रबन्धक<br>मेनरोड, शनिहाट<br>फोन: ९७७-२१-५२४६५३, ५३४९४५<br>फ्याक्स: ९७७-२१-५२८४५२ | **बनेपा शाखा**<br>रमेश श्रेष्ठ<br>शाखा प्रबन्धक<br>तीन ढोका, बनेपा, काभ्रे<br>फोन: ९७७-११-६६४७३४<br>फ्याक्स: ९७७-११-६६४७३५ | **धरान शाखा**<br>रिशेश्वर तिमिल्सिना<br>शाखा प्रबन्धक<br>पुतली लाइन, सुनसरी<br>फोन: ९७७-२५-५२८९६६, ५२८९६७<br>फ्याक्स: ९७७-२५-५२८९६८ | **पोखरा शाखा**<br>सुजनमणि रिसाल<br>शाखा प्रबन्धक<br>पोखरा, नयाँ सडक, कास्की<br>फोन: ९७७-६१-५३८९०७, ५४०२३०<br>फ्याक्स: ९७७-६१-५३८९०८ | **बुटवल शाखा**<br>शिवहरी पाण्डे<br>शाखा प्रबन्धक<br>ट्राफिक चोक, बुटवल<br>फोन: ९७७-७१-५५१०१६/५५१०१७<br>फ्याक्स: ९७७-७१-५४६९०८ |
| **नेपालगञ्ज शाखा**<br>विजयराज बोहरा<br>शाखा प्रबन्धक<br>धम्बोजी, बाँके<br>फोन: ९७७-८१-४११२९०<br>फ्याक्स: ९७७-८१-४११२९१ | **इटहरी शाखा**<br>तुल्सी कार्की<br>शाखा प्रबन्धक<br>धरान रोड, इटहरी<br>फोन: ९७७-२५-५८७०४१, ५८७०४२<br>फ्याक्स: ९७७-२५-५८७९४० | **पाल्पा शाखा**<br>निर्मला काफ्ले<br>शाखा प्रबन्धक<br>सिलखान टोल, तानशेन, पाल्पा<br>फोन: ९७७-७५-५२२६४१, ५२००९५<br>फ्याक्स: ९७७-७५-५२२६४२ | **घोराही शाखा**<br>प्रदिपसिंह बोहरा<br>शाखा प्रबन्धक<br>नयाँ सडक, घोराही, दाङ<br>फोन: ९७७-८२-५६२९०१<br>फ्याक्स: ९७७-८२-५६२९०२ | **त्रिशुली शाखा**<br>पुष्कल प्रसाद अधिकारी<br>शाखा प्रबन्धक<br>बट्टार बजार, नुवाकोट<br>फोन: ९७७-१०-५६१६९६<br>फ्याक्स: ९७७-१०-५६१६९७ |
| **दमक शाखा**<br>विभुती अर्याल<br>शाखा प्रबन्धक<br>दमक राजमार्ग, झापा<br>फोन: ९७७-२३-५८५२९१<br>फ्याक्स: ९७७-२३-५८५२९२ | **बाग्लुङ्ग शाखा**<br>छत्र प्रकाश गुरूङ्ग<br>शाखा प्रबन्धक<br>जीप पार्क, बागलुङ<br>फोन: ९७७-६८-५२२६९०<br>फ्याक्स: ९७७-६८-५२२६९१ | **पर्सा शाखा**<br>शान्ता वाग्ले<br>शाखा प्रबन्धक<br>नयाँ रोड, चितवन<br>फोन: ९७७-५६-५८३६२८<br>फ्याक्स: ९७७-५६-५८३६२९ | **धनगढी शाखा**<br>मौसम के.सी.<br>शाखा प्रबन्धक<br>रातोपुल, धनगढी<br>फोन: ९७७-९१-५२०२०२<br>फ्याक्स:९७७-९१-५२०२०४ | **गोरखा शाखा**<br>विश्वरञ्जन ध्रुव पाण्डे<br>शाखा प्रबन्धक<br>बसपार्क, गोरखा<br>फोन: ९७७-६४-४२१५२०<br>फ्याक्स: ९७७-६४-४२१५२१ |

| | | | | | |
|---|---|---|---|---|---|
| **बाह्रबिसे शाखा**<br>विकास चन्द्र शाक्य<br>शाखा प्रबन्धक<br>बाह्रबिसे बजार, सिन्धुपाल्चोक<br>फोन: ९७७-११-४८९२९०<br>फ्याक्स: ९७७-११-४८९२९१ | **कावासोती शाखा**<br>आशिष घिमिरे<br>शाखा प्रबन्धक<br>सभापती चोक, नवलपरासी<br>फोन: ९७७-७८-५४१०४०<br>फ्याक्स: ९७७-७८-५४१०४५ | **धादिङ्ग शाखा**<br>राजेशचन्द्र प्रधान<br>शाखा प्रबन्धक<br>धादिङ्गबेसी, धादिङ्ग<br>फोन: ९७७-१०-५२११११<br>फ्याक्स: ९७७-१०-५२१११० | **रामबजार शाखा**<br>निरेन्द्र शम्शेर राणा<br>शाखा प्रबन्धक<br>अमरसिंह चोक, पोखरा<br>फोन: ९७७-६१-४३०३०१<br>फ्याक्स: ९७७-६१-४३०३०२ | **बिर्तामोड शाखा**<br>सुबोध राई<br>शाखा प्रबन्धक<br>शनिश्चरे रोड, बिर्तामोड, झापा<br>फोन: ९७७-२३-५४५६११<br>फ्याक्स: ९७७-२३-५४५६१० | **बेत्रावती शाखा**<br>राम काजी थापा<br>शाखा प्रबन्धक<br>लहरेपौवा, बेत्रावती<br>फोन: ९७७-१०-६८१३४३<br>फ्याक्स: ९७७-१०-४१२००२ |

**सम्पर्क कार्यालय क्वालालम्पुर मलेशिया:** सन्तोष पराजुली, प्रमुख, फोन: +६०३ २०२२ ३६६४

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.